दलित
# निगरानी
१५ दिने

वर्ष १, अङ्क ९, २०६६ (16–30 Nov.) सहयोग रु. १०।-

## यस अङ्कमा

रिपोर्ट दलितका जातीय संस्था - २-३
संस्था बढी, काम कम

विश्लेषण समितिका प्रतिवेदनमा दलित अधिकार
केही छ, अझै चाहिन्छ
सरोजदिलु विश्वकर्मा - ४

बिचार
साझा मुद्दामा सहमति
गणेश वि.क. देउल्याल - ५

संस्था चिनारी दलित महिला संघ
मुख्य सरोकार दलित महिलाको अधिकार - ६

प्रश्नोत्तर
छुवाछूत अब कहिले बर्जित हुन्छ
बिन्दा पाण्डे - ७

सभासद् चिनारी
कहिल्यै नबिराउनु : लक्ष्मी परियार- ८

सल्लाहकार
राजकुमार त्रिखत्री
गणेश विके देउल्याल
डा.द्रोणप्रकाश रसाली (क्यानडा)
कृष्ण सोव (अमेरिका)
रुपेश सिलवाल (बेलायत)
धनकुमारी सुनार

प्रधान सम्पादक
हीरा विश्वकर्मा

विशेष संवाददाता
गोपाल बराइली

व्यवस्थापन
अनन्त यात्री विक
उमेश राना
लालबाबु महरा

प्रकाशक
राष्ट्रिय दलित नेटवर्क र
दलित अध्ययन तथा विकास केन्द्र
अनामनगर, काठमाडौं ।
फोन–०१–६९११६७३
नेपाल दलित इन्फोको सहभागितामा
Email: dalitnigarani@gmail.com
web: www.nepaldalitinfo.20m.com
www.pustakalaya.org

### सम्पादकीय

## ढिलो शुरु भएको ‘राम्रो’ काम

नेपालको दलित आन्दोलन ज्ञापन पत्र र कोठे छलफलमै अल्झिएको छ । दलित संघ संगठनहरूले संविधानसभाका विभिन्न समितिमा ज्ञापनपत्र बुझाउँदा समितिका सदस्य र सभापतिले दलितका माग सम्वोधन गर्ने आश्वासन दिने गरेका छन् । तर ती समितिले तयार गरेका मस्यौदा/ अवधारणा हेर्दा दलितहरू उत्साहित भन्दा बढी निरुत्साहित हुने अवस्था छ । संविभानसभाका समितिमा दलित मुद्दामा देखाइएको उदासिनताको सिधा असर नयाँ संविधानमा पनि पर्ने देखिन्छ किनिक बिहानीले अन्ततः दिनको संकेत गर्छ । यीनै कारणले हुनसक्छ धेरैले दलितहरूका लागि अन्तरिम संविधानमा गरिएको ब्यवस्थालाई नै नयाँ संविधानमा पनि निरन्तरता दिइने अनुमान गर्न थालेका छन् । दलित नेता, सभासद र दलित संघसंस्थाले दलित अधिकारका लागि संयुक्त पहल नगर्ने हो भने दलितका लागि नयाँ संविधान अन्तरिम संविधानभन्दा प्रगतिशील हुनेछैन भन्ने एकथरिको अनुमान सही सावित हुनसक्छ । नयाँ संविधानले दलित समस्या समाधान गर्न र तिनलाई अधिकार सम्पन्न बनाउने ढोका खोल्न सकेन भने दलित समुदायका लागि संविधानसभाको औचित्य सार्थक हुने छैन् ।

संविधानसभामार्फत दलितलाई अधिकार सम्पन्न तुल्याउनका निम्ति दलितका नागरिक समाज र गैरसरकारी संस्थाहरूसँगको स्रोतसाधन तथा ज्ञान सहयोगी हुन सक्छन् । तर, नयाँ संविधानमा दलितका सरोकारलाई समावेश गराउनका निम्ति मुख्य राजनीतिक दल र संविधानसभाका खेलाडीलाई बाध्य पार्ने काममा निर्णायक भूमिका चाहिँ दलका दलित भातृ संस्थाहरूको हुन्छ । आफ्ना भातृ संस्थाले उठाएका सवालहरूलाई राजनीतिक दलले आत्मसात नगरेमा मुख्य दल र तिनका दलित भातृ संस्थाबीचको सम्बन्धमा पनि दरार पैदा हुन्छ । धेरैले दलित भातृ संस्थाहरू कार्यालय रुगेर वा दलको इसारा पालन गरेर मात्र नबसुन, दलितका मुख्य सरोकारप्रति चिन्तित भएर क्रियाशील हुन् भन्ने सदिच्छा राखेका थिए । तर, निकै लामो कालखण्डसम्म यस्तो प्रतीक्षा पूरा हुन सकेको थिएन् । यसको मुख्य कारण उनीहरूबीचको अन्तरविरोध र समूहगत/दलगत स्वार्थले काम गरेको हुन सक्छ । दलीय मतभिन्नताकै कारण निकै अघि बनेको दलित सभासद मञ्च पनि क्रियाशील हुन सकेको थिएन ।

ढिलै होस् तर राम्रो होस् भने झैं भर्खरै प्रमुख राजनीतिक दलका दलित भातृ संगठनहरूले दलितका साझा एजेण्डा तयार गरी त्यसलाई लागू गराउने सहमति पत्रमा हस्ताक्षर गरेका छन् भने संविधानसभामा गठन गरिएको दलित सभासद मञ्च पनि सुस्तरी क्रियाशील हुन खोजिरहेको बुझिएको छ । यो दलित आन्दोलनमा हरियो बत्ती बल्न लागेको संकेत हो । एनेकपा माओवादी र सत्ता साझेदार दलबीच तित्तता र द्वन्द्व जारी रहे पनि माओवादी निकट नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा र सत्ता साझेदार दल निकट दलित भातृ संस्थाबीच साझा एजेण्डामा सहमति हुनु सकारात्मक शुरुवात हो । माओवादी निकट दलित मोर्चा, नेका निकट नेपाल दलित संघ, एमाले निकट उत्पीडित जातीय मुक्ति समाज, राष्ट्रिय जनमोर्चा निकट जातीय समता समाज लगायतका जातीय संगठनहरू दलितहरूको साझा हितका लागि एउटै थलोमा उभिनु दलित आन्दोलनको महत्वपूर्ण पाटो हो । तथापि यस्तो शुरुवात जुन मात्रमा सकारात्मक गतिमा अघि बढ्छ, तदनुरुप नै दलित आन्दोलनको भविष्य निर्धारण हुँदै जाने छ ।

दलितहरूले चार दशकदेखि उठाउँदै आएको मुख्य मुद्दा हो– आरक्षण । राज्यले दलितको वृहत्तर उत्थानका लागि विशेष ब्यवस्था नगरी दलितहरू राष्ट्रिय मूलप्रवाहमा आउन सक्दैनन भन्ने कुरामा भातृ संगठनहरू सहमत भएका छन् । आरक्षणसँग जोडिएका विशेष अधिकार, प्रगतिशील वा आरक्षण भन्ने शब्दका बारेमा असहमति भएका कारणले धेरै समयसम्म यो साझा एजेण्डा बन्न सकेको थिएन । तर अहिले शाब्दिक असहमतिलाई छाडेर दलितको हितलाई केन्द्रमा राखिएको छ, यसले सकारात्मक संकेत दिन्छ । दलितका साझा सरोकारका विषयमा दलित भातृ संस्था एकमत हुनुले दलितलाई थप आशावादी बनाएको छ । तथापि दीर्घकालीन यात्रा तय गर्न दलित भातृ संस्थालाई त्यति सजिलो छैन् । आफ्ना माऊ पार्टीलाई दलित एजेण्डामा सहमत गराएर सँगै हिडाउनु निक्कै चुनौतीपूर्ण काम हो । दलको सहयोगमा आफूले तय गरेका साझा एजेण्डालाई संविधानसभामार्फत नयाँ संविधानमा सभावेश गराएको अवस्थामा नै अहिलेको थालनीको अर्थ र औचित्य रहन्छ अनि दलित नेताले पनि स्यावासी पाउँछन् । तथापि दीर्घकालीन यात्रा तय गर्न दलित भातृ संस्थालाई त्यति सजिलो छैन । आफ्ना माऊ पार्टीलाई दलित एजेण्डामा सहमत गराएर सँगै हिंडाउनु निक्कै चुनौतीपूर्ण काम हो । दलको सहयोगमा आफूले तय गरेका साझा एजेण्डालाई संविधानसभामार्फत नयाँ संविधानमा समावेश गराएको अवस्थामा नै अहिलेको थालनीको अर्थ र औचित्य रहन्छ अनि दलित नेताले पनि स्यावासी पाउँछन् ।

नेपालका राजनीतिक दलका समाजवादी, साम्यवादी, पुँजीवादी जस्ता राजनीतिक दर्शनलाई अहिलेको जातीय राजनीतिको नाराले ओझेलमा पारेको यथार्थ हो । दलित जनजाति पार्टीका अध्यक्ष तथा सभासद् विश्वेन्द्र पासवानले भनेका छन् - संवैधानिक समितिमा संविधानको प्रस्तावनाका बारेमा भएको छलफलमा जातीय ‘छुवाछूतको अन्त्य’ भन्ने वाक्य राख्न नदिन ठूला दलका कथित उपल्ला जातिका सभासद लागे, तर दलित सभासदले त्यसको प्रतिवाद गर्ने जाँगर गरेनन् । यस्तै हो भने नयाँ संविधानमा दलित अधिकारले स्थान पाउन कठिन छ ।' सभासद पासवानले भने जस्तो नहोस् र दलितका सभासद्ले ऐतिहासिक जिम्मेवारी पूरा गरुन् ।

**अन्त्य गरौं जातीय छुवाछूत, भेदभाव र अपमान**
**निर्माण गरौं नयाँ नेपालको समावेशी संविधान**

# दलितका जातीय संस्था बढी, काम कम

■ गोपाल बराइली

**राजनीतिक दलका भातृ संस्था, परियोजना सञ्चालन गरिरहेका दलित संस्था र दलितभित्रका जातिका संस्था गरी दलित संस्थाको संख्या दिनप्रतिदिन बढिरहेको छ । तर, संस्थाको संख्याको तुलनामा दलित हित र उन्नतिका लागि प्रभावकारी काम हुन सकेको छैन ।**

राज्य पुनर्संरचना हुन यो बेलासम्म जातीय संस्थाहरू खोलिने क्रम रोकिएको छैन । जातीय राज्यको माग भइरहेको बेला दलित जातिका जातीय संगठन भने मौन छन् ।

दलित समुदायको हक हितका लागि राजनीतिक दलका जनवर्गीय संगठनहरू खोलिए पनि राज्य पुर्नसंचनाको बेला क्रियाशील बन्न सकेका छैनन् । पार्टीहरूका जनजाति संगठनहरू भने क्रियाशील छन् । उनीहरू जातीय राज्य स्थापनाका लागि चरणबद्ध आन्दोलनमा लागेका छन् तर दलित जनवर्गीय संगठन भने न आन्दोलनमा होमिएका छन् न त्यस विषयमा बहस चलाउन तयार छन् । अहिले एनेकपा (माओवादी) नेकपा एमाले, नेपाली कांग्रेस र राष्ट्रिय जनमोर्चाका जनवर्गीय संगठनले मौलिक पहिचान बनाउन सकेका छैनन् ।

त्यसो त दलितहरूका जातिगत संस्थाहरू पनि थुप्रै छन् । ती संगठनहरू एक अर्कामा परिचित नै छैनन् । पहाडी दलित समुदायभित्र पर्ने विश्वकर्मा, परियार, सार्की, गाइने, बादी र मधेशी दलित अन्तर्गत पासवान, खत्वे, रजक र बाँतरका जातीय संस्थाहरूले पहिचान बनाइसकेका छन् । तर उनीहरूबीच एकआपसमा चिनजान समेत नभएको बताइन्छ ।

दलित समुदायका जातीय संस्थाहरूको उद्देश्य लगभग मिल्दा जुल्दा छन् । सबै संस्थाहरूका प्रमुख उद्देश्य भनेका जातीय विभेदका विरुद्ध लाग्ने, जातीय पहिचान बनाउने, जातीय सहिष्णुता कायम गरेर दलित समुदायलाई राज्यको मूलधारमा ल्याउने रहेका छन् । त्यसका अलावा परम्परागत पेशाको संरक्षण गर्ने, जातीय समुदायलाई शिक्षित बनाउने, सामाजिक दायित्वको बोध गराउने लगायत उद्देश्य धेरैको छ । तर त्यस्ता लक्ष्य



**रामप्रीत पासवान**
*अध्यक्ष, नेपाल पासवान संघ*



**रुद्रबहादुर बराईली**
*अध्यक्ष, विश्वकर्मा एकता समाज*



हासिल गर्न साझा प्रयास भने गरेको पाइँदैन ।

जनसंख्याको आधारमा परियार दोस्रो ठूलो जाति हो । २०५८ सालको जनगणना अनुसार परियारको संख्या चार लाख भए पनि परियार समाजले सवा पाँच लाखभन्दा बढी भएको जनाएको छ । समाजले आफूलाई परियारहरूको शिशु पाठशाला भएको दावी गरेको छ । तथापि यसले सबैलाई समेट्न सकेको छैन । दलित समुदायमा धेरै जनसंख्या भएको विश्वकर्माहरूको साझा संस्था बनाउने प्रयासमा रहेको नेपाल विश्वकर्मा एकता समाजले सबै विश्वकर्मालाई सदस्य बनाउन सकेको छैन । उसको जनसंख्या करिब १३ लाख छ । करिब १ लाख ५८ हजार जनसंख्या भएको नेपाल पासवान संघले पनि पासवान समुदायलाई एकता गर्न सकेको छैन । अन्य संस्थाको समस्या पनि उस्तै छ । कतिपयलाई त आफ्नो समुदायको जनसंख्या कति छ भन्ने पनि थाहा छैन ।

नयाँ संविधान निर्माण प्रक्रिया जारी रहेको बेला दलित समुदायको हक हितका लागि खोलिएका यस्ता संस्थाहरू मौन रहँदा समस्या हुने निश्चित छ । तर, नयाँ नेपाल निर्माणमा दलित संस्थाहरूको भूमिका महत्वपूर्ण हुनेमा कुनै शंका छैन । परियार सेवा समाजको केन्द्रीय अध्यक्ष डिवी परियार समुन्नत नेपाल निर्माण गर्न दलितका संस्थाहरूको भूमिका सही हुनुपर्ने बताउँछन् । हुन त यी संस्थाहरू जातीवादी भएको आरोप पनि लाग्ने गरेको छ । तर परियार भने यस्ता उग्र जातिवादी संस्था खारेजीको पक्षमा छन् । जातीय संस्थाहरू राष्ट्रिय हितका लागि खोलिनु पर्छ । उनी भन्छन्– 'जातीय द्वन्द्व मच्चाउन चाहनेलाई सबैले तिरस्कार गरिनु पर्छ ।'

उनको कुरामा नेपाल पासवान संघका अध्यक्ष रामप्रित पासवान पनि सहमत छन् । अहिले जातिहरू आफू केन्द्रित भएका छन्, उनले भने- 'जाति केन्द्रित हुने सोचाइ त्याग्नु पर्छ ।' च्याउ सरी खुलेका यस्ता जातीय संस्थाहरूले अर्काको अस्तित्व स्वीकार गर्न नसकेको बताउँदै पासवान भन्छन्,- 'एकले अर्काको अस्तित्व स्वीकार गर्न नसके देश जातीय द्वन्द्वमा फस्न सक्छ ।'

दलितभित्र विश्वकर्मालाई दलितभित्र को बाहुनको संज्ञा दिइन्छ । दलितभित्र आन्तरिक छुवाछूत बाँकी रहेकोले त्यसको अन्त्य गर्न विश्वकर्माहरूले पहल गर्नुपर्ने बताउनेहरू थुप्रै छन् । दलित समुदायभित्र पनि ठूलो जात भनिएकाले पनि विश्वकर्माको काँधमा यो जिम्मेवारी थपिनु स्वभाविक हो । नेपाल विश्वकर्मा एकता समाजका अध्यक्ष रुद्रबहादुर बराइली भन्छन्, 'आन्तरिक छुवाछूत हटाउन कुनैपनि जाति बाधक बन्नु हुँदैन ।' संविधान बन्न लागेको बेला दलित एकता हुन नसके दलितलाई नै नोक्सानी हुने उनको ठम्याई छ ।

समाजले दलित संस्थाहरूको महासंघ बनाउनु पर्ने अवधारणा अघि सारेको छ । आगामी संविधानमा दलित समुदायको हक अधिकार सुनिश्चित गर्न दलित महासंघ आवश्यक हुने निष्कर्ष उसको छ । यद्यपी महासंघ बनाउने पहल भने कहीँबाट भएको छैन । दलित समुदायको हक हितका लागि खुलेको विभिन्न जातिका संस्थाहरूबीच सहकार्य हुने हो भने आगामी संविधानमा अधिकतम अधिकार सुनिश्चित गराउन सकिने विश्वास गर्न सकिन्छ ।

# अधिकारको चिन्ता

**संघीयतामा दलितको अधिकार के हुने भन्ने बारेमा कसैले गम्भीर बहश नगरेका कारण सबैतिर चिन्ता छाएको छ ।**

काठमाडौं । मुलुक संघीय संरचनामा जाने निश्चित भए पनि दलित समुदायको अधिकार बारे अहिलेसम्म गम्भीर बहस नभएकोमा मानवअधिकारकर्मीहरूले चिन्ता व्यक्त गरेका छन् । उनीहरूले अन्य जातिहरूले जातीय राज्य मागिरहेको बेला दलितका लागि छुट्टै राज्य आवश्यक छ कि छैन भन्ने बारे छलफल चलाउन ढिलो भइरहेको बताए ।



दलित कल्याण संघले कात्तिक १७ मा आयोजना गरेको 'संघीय नेपालमा दलित अधिकारको सवाल' बिषयक गोष्ठीमा अधिकारकर्मी दमननाथ ढुंगानाले अन्तर दलित एकतालाई बलियो बनाउन सके दलितको मागमा राज्य झुक्न बाध्य हुने बताए । दलितहरूले आफ्नो मुख्य एजेण्डाका बारेमा प्रस्ट हुनपर्ने बताउँदै उनले दलित आन्दोलनको स्पष्ट धार नभएसम्म उपलब्धि हासिल नहुने जिकिर गरे । ढुंगानाको कथन थियो - 'त्यसका लागि दलित समुदायले स्वयं सचेत हुनु आवश्यक छ ।'

अधिकारकर्मी पद्मरत्न तुलाधरले यथास्थितिलाई नतोडेसम्म संघीयता सम्भव नभएको बताए । जातीय राज्य आजको आवश्यकता भएको बताउँदै उनले भने - 'दलित समुदायले जातीय राज्य माग्न ढिलो भइरहेको छ, समय बित्न लाग्यो । दलित समुदायलाई राज्यको मूलधारमा ल्याउनका लागि सरकार, राजनीतिक दल र नागरिक समाजले पहल गर्नुपर्छ । ' दलित कल्याण संघका अध्यक्ष मोतिलाल नेपालीको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा सभासद् एकराज भण्डारी, दलित सेवा संघका अध्यक्ष गजाधर सुनार र दलित अधिकारकर्मी ओमप्रकाश भिके लगायतले बोलेको थिए ।

 समितिका प्रतिवेदनमा दलित अधिकार

# केही छ, अझै चाहिन्छ



■ सरोजदिलु विश्वकर्मा

**अल्पसंख्यकको अधिकार समितिको प्रतिवेदनमा नेपाललाई 'जातीय छुवाछूतमुक्त, पेशागत, व्यवहारगत तथा धार्मिक र भाषिक भेदभावरहित समावेशी राज्य' भनिएको छ । यो राम्रो व्यवस्था हो । तर यसलाई कसरी कार्यान्वयन गर्ने भन्ने प्रश्नको जवाफ मस्यौदामा छैन । अल्पसंख्यक र सीमान्तकृत वर्गको अधिकार निर्धारण वैज्ञानिक तरिकाले होइन, हचुवा र अभिजात वर्गको भाषणको आधारमा गरिएको जस्तो लाग्छ ।**

संविधानसभाको म्याद छोटिँदै जाँदा संविधानसभाका सात वटा समितिले आ-आफ्ना मस्यौदा प्रतिवेदन संविधानसभामा पेश गरिसकेका छन् । तीमध्ये धेरैजसोले दलित अधिकारका बारेमा विभिन्न व्यवस्था गरेका छन् । केही मस्यौदामा दलित हितका लागि उपयोगी हुने व्यवस्था गरिएको छ भने केहीमा चाहिँ दलित हित प्रतिकूल हुने व्यवस्था गरिएको पनि भेटिएको छ । तैपनि संविधानसभामा पेश भएका मस्यौदा दलित हितका दृष्टिले कत्तिको उपयोगी छन् भन्ने बारेमा दलित सभासद् घोत्लिएको वा त्यसमा ध्यान पुऱ्याएको पाइएको छैन ।

संविधानसभाको सामाजिक-साँस्कृतिक ऐक्यवद्धताको आधार निर्माण समितिले पेश गरेको मस्यौदाको धारा ८ को ३ मा जातीय छुवाछूत तथा सबै किसिमका सामाजिक विभेदको अन्त्य गर्न छुट्टै कानुनको निर्माण गरी त्यसको कार्यान्वयनको अनुगमन गर्न आयोग गठन गर्ने व्यवस्था प्रस्ताव गरेको छ, जुन अत्यन्तै उचित छ । राज्यले बनाएका कानुन कार्यान्वयनको अनुगमन गरिनुपर्ने माग एमालेको नौ महिने सरकारका पालामा तत्कालीन आपूर्तिमन्त्री सीपी मैनालीले गरेका थिए । तर, मैनालीको माग साकार भएको थिएन । तर, अहिले गरिएको यस्तो व्यवस्थाले कानुन कार्यान्वयन नभएको खण्डमा प्रहरी प्रशासनविरुद्ध उजुरी गर्न सकिन्छ । अन्ततः यसले न्यायकर्मीलाई पनि अनुशासित बनाउन सहयोग पुग्छ ।

तर, उक्त समितिको मस्यौदामा मातृभाषामा आधारभूत शिक्षा पाउने अधिकारको व्यवस्था गरिएको छ, जुन दलित हितका दृष्टिले उपयुक्त लाग्दैन । यसले मातृभाषी जाति र समुदायको हित भए पनि आफ्नो छुट्टै भाषा नभएका बाहुन क्षेत्री र दलितलाई यसले समस्या पार्ने निश्चित छ । जनजाति र मधेसी क्षेत्रमा भातृभाषी स्कुल खोल्दा ती क्षेत्रका क्षेत्रीबाहुन र दलितले कि जबर्जस्ती उनीहरूको भाषामा पढ्नुपर्छ नत्र शिक्षाबाटै वञ्चित हुनुपर्छ । कुनै गाविसमा १० जना मात्र दलित वा गैरजनजाति छन्, त्यो ठाउँमा १० जनाको लागि छुट्टै विद्यालय र शिक्षकको व्यवस्था गर्न सरकारलाई कठिन पर्छ । त्यसो त बहुमत रहेको एउटा जातिको भाषामा विद्यालय खोल्दा बाँकीको अधिकार हनन् हुन्छ र समान अधिकार भन्ने मान्यता पनि स्वतः ध्वस्त हुन्छ ।

आजको विकसित जमानामा मातृभाषामा शिक्षा दिनुले मातृभाषीको पनि हित गर्दैन । आज अंग्रेजी सर्वव्यापी बनिरहेको छ । बालबालिकाहरूलाई अंग्रेजी पढाउन अभिभावक नै अग्रसर भइरहेको बेला मातृभाषातिर देश र समाजलाई फर्काउनु सुल्टो काम होइन । मातृभाषाले बालबालिकालाई झनै अधोगतितिर लैजान्छ । अहिलेका ९२ भाषा मध्ये ८० भन्दा बढी भाषा सम्बन्धित जातिमा मात्र सीमित छन् । यस्तो अवस्थामा ८० प्रकारका विद्यालय र त्यसको व्यवस्थापन सरकारका लागि पनि चुनौती हो । स्कुल खोलेर मात्र भएन, ८० भाषाकै शिक्षक पनि चाहियो, यो कुरा भोलिको संघीय नेपालमा कति सम्भव होला ? सम्भव भएन भने यो भाषा अधिकारकर्मीहरूको फुइँमै सीमित हुन्छ ।

अतः साच्चिकै समतामूलक र सहिष्णुतासहितको नयाँ नेपाल निर्माण गर्ने हो भने सामाजिक-सांस्कृतिक ऐक्यवद्धताको आधार निर्माण समितिको मस्यौदामा धार्मिक, भाषिक तथा सांस्कृतिक अन्तर्घुलनलाई प्राथमिकता दिनु पर्दछ । यसका लागि अन्तरजातीय विवाह, मितेरी आदिलाई प्रोत्साहनको व्यवस्था गर्न सकिन्छ ।

सो समितिको मस्यौदाको धारा १२ मा दलित आयोग संवैधानिक हुने नभनी यसलाई कानुनद्धारा गठन गर्ने भनिएको छ । यसले फेरि पनि दलित आयोग अनिश्चित हुने देखिन्छ । आयोगका पदाधिकारीमा एकजना अध्यक्ष र आवश्यक संख्यामा सदस्य रहने भनिएको छ । तर, आवश्यक संख्या भनेको कति हो भन्ने कुरा किटान नगरिएकोले राजनीतिक नेतालाई आफ्नो खल्तीबाट मान्छे नियुक्त गर्न सजिलो हुने भएको छ । यो प्रावधान र संवैधानिक निकायको संरचना निर्धारण समितिले गरेको दलित आयोग सम्बन्धी व्यवस्था बाझिएको छ । संविधानसभाका समितिले दलित आयोगको अधिकारका बारेमा गरेको व्यवस्थाले उक्त आयोगलाई शक्तिशाली बनाउँछ भन्ने आशालाई कमजोर बनाएको छ । मस्यौदामा गरिएको फितलो व्यवस्थाबाट नेताको चाकडी गर्ने, घाम तापेर, गफ चुटेर बस्ने अनि दलितको लागि सिन्को नभाँच्ने समूहको भीडलाई दलित आयोगमा पुऱ्याउने देखिन्छ ।

मस्यौदामा दलित आयोगका पदाधिकारीहरू ३ जना रहने भनिएको छ । तर, त्यसको सट्टा अध्यक्षसहित ५ जनाको आयोग बनाउँदा कामकाजी हुन्छ । राजनीतिक दलका भातृ संगठन तथा नागरिक समाजको सिफारिसको आधारमा राष्ट्रपतिले आयोग पदाधिकारी मनोनयन गर्नु उचित देखिन्छ । त्यसैगरी अध्यक्ष तथा सदस्यको योग्यताको हकमा 'महत्वपूर्ण योगदान' पुऱ्याएको भन्ने शब्द राखिएको छ, तर यसले योग्यताको मापदण्ड स्पष्ट गरेको छैन । त्यसैले यो शब्द हटाउँदै वेश हुन्छ । आयागको काम, कर्तव्य र अधिकारमा 'दलित सम्वन्धि नीति, नियम वा कार्यक्रम तर्जुमा गर्दा राज्य वा जुनसुकै निकायले आयोगको परामर्श अनिवार्य लिनुपर्ने' व्यवस्था राखिनु आवश्यक छ । जातिगत आयोग बाहेक प्रत्येक आयोगलाई समावेशी बनाइनु पनि उतिकै जरुरी देखिन्छ ।

अल्पसंख्यकको अधिकार समितिको प्रतिवेदनमा राष्ट्रको परिभाषा अन्तर्गत नै 'जातीय छुवाछुतमुक्त, पेशागत, व्यवहारगत तथा धार्मिक र भाषिक भेदभावरहित समावेशी राज्य' भनिएको छ । यो राम्रो व्यवस्था हो । तर यसलाई कसरी कार्यान्वयन गर्ने भन्ने प्रश्नको जवाफ चाहिँ छैन । अल्पसंख्यक र सीमान्तकृत वर्गको अधिकार निर्धारण वैज्ञानिक तरिकाले होइन, हचुवा र अभिजात वर्गको भाषणको आधारमा गरिएको छ । तसर्थ, सीमान्तकृत सूचक निर्धारण गर्दा यस्तो खालको विभेद भोग्ने वा यतिसम्म दैनिक आम्दानी गर्ने र यो यो कुराबाट वञ्चित भएको समूह भनी किटान गर्नुपर्ने हुन्छ । नत्र, 'सबै नेपाली पञ्च, सबै पञ्च नेपाली' जस्तो सबै गरीब उत्पीडित, सबै सीमान्तकृत र अल्पसंख्यक हुने स्थिति आई वास्तविक सीमान्तकृत सुविधाबाट वञ्चित हुने अवस्था आउन सक्छ ।

**साच्चिकै समतामुलक र सहिष्णुतासहितको नयाँ नेपाल निर्माण गर्ने हो भने सामाजिक-सांस्कृतिक ऐक्यवद्धताको आधार निर्माण समितिको मस्यौदामा धार्मिक, भाषिक तथा सांस्कृतिक अन्तर्घुलनलाई प्राथमिकता दिनुपर्दछ ।**

# साझा मुद्दामा सहमति



■ गणेश वि.के. देउल्याल

नेपाली दलित आन्दोलनका सामु अहिले चुनौति र संभावनाको विशाल पहाड खडा भएको छ। यस चुनौतीलाई अवसरमा बदल्न हालसम्मको विभेद र छुवाछूतको क्षतिपूर्ति सहितको दलितमैत्री नयाँ संविधानमार्फत दलित समुदायलाई संवैधानिक अधिकार सम्पन्न बनाउनु आवश्यक छ। संयुक्त दलित आन्दोलनको अभावमा संविधान निर्माण र राज्यको पुनःसंरचनाको प्रक्रियामा दलित सवाल सबैभन्दा पुच्छारमा पर्छ। यस सत्यलाई मध्यनजर राख्दै दलित राजनीतिक संगठनहरूको बीचमा पटक पटक भएका बैठकबाट संयुक्त दलित आन्दोलन गर्ने सहमति भएको छ। दलित राजनीतिक संगठन, दलित सभासद र दलित नागरिक समाजका बीचमा हुने सहकार्य र एकताले नै नेपालको संयुक्त दलित आन्दोलनको स्वरूप निर्धारण हुन्छ। त्यसैले दलित राजनीतिक संघ/संगठनहरूले २० बुँदे साझा सहमतिमा हस्ताक्षर गरी सकेका छन्। दलित राजनीतिक संगठनहरूका बीचमा विशेष गरी प्रगतिशील आरक्षण, विशेषाधिकार र आरक्षणका सन्दर्भमा साझा मत कायम हुन नसकेपछि समानुपातिकमा १० प्रतिशत थप गर्न अघि बढ्ने सहमति भएको छ । सहमति हुन नसकेका बुँदाहरू आ-आफ्नो संगठनमा उठाउने सहमतिका साथ हस्ताक्षर भएकोले फरक मत सुरक्षित रहेको बुझ्न कठिन छैन।

नयाँ संविधानमा मौलिक हक अन्तर्गत दलित समुदायको समानुपातिक प्रतिनिधित्व र १० प्रतिशत क्षतिपूर्तिबापत थपअधिकारको व्यवस्था सुनिश्चित, आसन, रासन र शासनसहित दलित समुदायको पहिचान, प्रतिनिधित्व र पहुँच स्थापित गर्न गरिबीको रेखामुनी रहेका परिवार र व्यक्तिलाई 'सुविधा कार्ड' को व्यवस्था गर्ने सहमति भएको छ। यातायात, शिक्षा, स्वास्थ्य, खाद्यान्न आदि क्षेत्रमा कम्तीमा २३ प्रतिशत छुटको व्यवस्था गर्न पहल गर्ने, अन्तरिम संविधानलाई संशोधन गरी राज्यका सम्पूर्ण संयन्त्रहरूमा दलित समुदायलाई २३ प्रतिशत सहभागिताको सुनिश्चित गर्ने, वैज्ञानिक भूमिसुधार लागू गरी भूमिहीन, सुकुम्बासी तथा गरिब दलितहरूलाई प्राथमिकताका आधारमा जमिनमाथिको न्यायोचित स्वामित्व सुनिश्चित गर्ने जस्ता सहमतिका बुँदाले दलित समुदायमा आशा जगाउन सक्छ। त्यसैगरी दलित समुदायमाथि जबरजस्ती लादिएको हलिया, बालीघरे, डोलीप्रथा, सिनो फ्याक्ने, बोक्सीप्रथा, बाजा बजाउने, सुडेनी, हरूवा/चरुवालगायतका सबै कुप्रथाको अन्त्य गर्ने, दलित समुदायको परम्परागत पेशाजन्य व्यवसाय आधुनिकीकरण गरी ती पेशाहरूमा दलितहरूको अग्राधिकार सुनिश्चित गर्दै सम्बन्धित पेशाका विशेषज्ञहरूलाई दक्षताको प्रमाणपत्र दिएर उचित रोजगारीको व्यवस्था गर्ने, दलित समुदायका सीप, कला र पेशाको संरक्षण एवं विकासका निम्ति राष्ट्रिय दलित संग्राहलयको स्थापना गर्ने सहमतिका थप बुँदा रहेका छन्। शिक्षा क्षेत्रको सबैखाले विभेदको अन्त्य गर्दै दलित विद्यार्थीलाई उच्चशिक्षा (निजी र सरकारी) सम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गर्ने, कम्तीमा एक विद्यालय एक दलित शिक्षक अनिवार्य नियुक्तिको माग गर्ने, राष्ट्रिय दलित आयोगलाई संवैधानिक आयोग बनाउने, जातपात-छुवाछूत विरुद्धको विधेयक र राष्ट्रिय दलित आयोग सम्बन्धी विधेयक तत्काल ल्याउन दबाब दिने, राज्यद्वारा समग्र महिलाका लागि सुनिश्चित गरिएको अधिकार र दलित समुदायले प्राप्त गर्ने अधिकारमा दलित महिलालाई समानुपातिक अधिकारको सुनिश्चित गर्ने, राज्यले केन्द्रदेखि स्थानीय स्तरसम्मका सबै निकायहरूमा बजेट तर्जुमा गर्दा कुल बजेटको २३ प्रतिशत रकम दलित समुदायलाई अनिवार्य छुट्ट्याउने नीति तय गर्न जोड दिने सहमति पनि दलित संस्थाहरूबीच भएको छ। हालको उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समितिलाई नाम परिवर्तन गरी प्रधानमन्त्रीको अध्यक्षतामा "दलित विकास परिषद्" गठन गर्न जोड गर्ने, समानुपातिक र समावेशी सिद्धान्तको आधारमा दलितको सहभागिता विधानतः सुनिश्चित नगर्ने राजनीतिक पार्टीलाई निर्वाचन आयोगमा दर्ता नहुने संवैधानिक व्यवस्था गर्ने, नेपाल सरकार र राष्ट्रिय बादी संघर्ष समितिबीच भएको सम्झौता कार्यान्वयन गराउन पहल गर्ने कुरामा दलित नेतृत्व साझा सहमतिमा पुग्नु आफैमा महत्त्वको कुरा हो। मधेशी दलित समुदायमाथि हुने सबैखाले ज्यादतीको अन्त्य गर्ने र राज्यद्वारा मधेशी समुदायले र दलित समुदायले प्राप्त गरेका सम्पूर्ण अधिकारमा समानुपातिक सहभागिता सुनिश्चित गर्न पहल गर्ने, सरकारी तथा निजी आमसञ्चार क्षेत्रमा दलितहरूको २३ प्रतिशत प्रतिनिधित्व अनिवार्य बनाउने, सफाई मजदुरलाई आधुनिक उपकरणको उपलब्धतासहित वैतनिक कर्मचारीको रूपमा मान्यता दिने र यो पेशा परिवर्तन गर्न चाहनेलाई राज्यले प्रोत्साहन गर्ने, दलित विकास तथा सामाजिक न्याय मन्त्रालयको व्यवस्था गर्न पहल गर्ने र सबै तहका अदालतहरूमा दलित विशेष इजलास, सम्पूर्ण प्रहरी इकाईहरूमा छुट्टै दलित सेल, सबै स्थानीय निकायहरूमा छुवाछूत अपराध निगरानी केन्द्र, राज्यका तलदेखि माथिसम्मका सम्पूर्ण अङ्ग र निकायहरूमा आवश्यकता अनुसार दलित विषय हेर्ने छुट्टै विभाग गठन गर्न जोड दिने, दलित समुदायको समानुपातिक प्रतिनिधित्वमा उत्पीडनको क्षतिपूर्तिबापत १० प्रतिशत थप गरी प्रतिनिधित्व सुनिश्चित हुने निर्वाचन प्रणालीको अवलम्बन गर्न जोड दिने, दलित जनसंख्याको वैज्ञानिक तथ्याङ्क निर्धारणका लागि विशेष दलित जनगणना आयोगको गठन गरी विवादमा रहेका दलित समुदायभित्रका जातिको पहिचान र दलितहरूको राजनीतिक, आर्थिक, सामाजिक/साँस्कृतिक हैसियतको आधारमा वर्गीकरण एवं सूचीकरण गर्ने, नेपाल सरकारद्वारा हालसम्म भएका घोषणा, प्रतिबद्धता र विद्यमान ऐन कानुनहरूको प्रभावकारी कार्यान्वयनका लागि राजनीतिक दलित संघ/संगठनहरूको सहभागितामा एक उच्चस्तरीय अनुगमन तथा मूल्याङ्कन समिति निर्माण गर्न पहल गर्ने रहेका छन्।

उक्त २० बुँदे सहमतिहरूलाई व्यवहारिक रूप दिन २० बुँदे आचारसंहिता समेत निर्माण गरी हस्ताक्षर भएको छ। आचारसंहितालाई सम्बन्धित संघ/संगठनरहरूका सम्पूर्ण निकायले पालना गर्नुपर्ने, संयुक्त दलित आन्दोलनको केन्द्रीय समितिमा प्रत्येक संघ/संगठनका अध्यक्ष सहित एक जना केन्द्रीय प्रतिनिधि रहने कमिटी अनुरूप पदीय हैसियत समान हुने, आन्दोलनको बैठक चक्रीय प्रणालीका आधारमा बस्ने, एक बैठकदेखि अर्को बैठकसम्मको संयोजन बैठकले तोकेअनुसार गरिने, आन्दोलनका सम्पूर्ण निर्णय तथा कार्यक्रमहरू सहमतिका आधारमा गरिने, सहमति हुन नसकेका विषयमा बैठकद्वारा सहमतिमा पुग्ने प्रयास गरिने कुरा आचारसंहितामा उल्लेख गरिएको छ। त्यसैगरी राष्ट्रिय र स्थानीय स्तरका कार्यक्रमका सिलसिलामा आबद्ध संघ/संगठनहरूका बीचमा विवाद खडा भएमा केन्द्रीय तथा स्थानीय स्तरमा टुंगो लगाइने, आन्दोलनमा आवश्यक खर्च सबै संगठनहरूले संयुक्त रूपमा जुटाउने र फर्स्यौट समेत प्रत्येक कार्यक्रममाथिको समीक्षा बैठकमा पारित गरिने, आन्दोलनद्धारा आयोजित कार्यक्रमको मंच वा सार्वजनिक समारोहबाट आबद्ध संघ/संगठनहरूमाथि आरोप-प्रत्यारोप र लाञ्छना लगाउन नपाइने, संघ/संगठनहरू साझा संघर्षका अलावा आ-आफ्ना संगठनहरूमा विविध कार्यक्रम र गतिविधि गर्न स्वतन्त्र रहने तर यस्ता कार्यक्रमहरूले संयुक्त आन्दोलनका कार्यक्रमहरूलाई आझेलमा पार्ने नभई सहयोगीको भूमिका खेल्ने हुनुपर्ने व्यवस्था आचारसंहीतमा छ। दलित सभासद मंच र दलित नागरिक समाजसँग सहकार्य गर्न सकिने, संयुक्त दलित आन्दोलनमा हाललाई नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा, नेपाल दलित संघ, नेपाल उत्पीडित जातीय मुक्ति समाज, जातीय समता समाज, नेपाल सद्भावना दलित मञ्च, उत्पीडित जातीय उत्थान संघ (एकीकृत), नेपाल राष्ट्रिय दलित केन्द्र रहेका छन्। दलित सभासद मञ्चले समेत आफ्नो आचारसंहिता र सहमति तयार गरिसकेको छ भने दलित नागरिक समाजको पनि साझा एजेण्डा तय भइसकेको छ।

दलित राजनीतिक संगठनबीचको यस्तो सहमति, एकता र सहकार्यले नेपाली दलित आन्दोलनमा आशाको किरण पलाएको छ। यसको कार्यान्वयन र यसप्रति सरकारले देखाउने व्यवहारमा दलित आन्दोलनको भविष्य जोडिएको छ। दलित आन्दोलनको मूल सारथी संयुक्त दलित आन्दोलन हुनेछ भने दलित सभासद मञ्च र दलित नागरिक समाज सहयोगी हुने विश्वसा गरिएको छ। एक पटक नेपाली दलित आन्दोलनले दलीय र परियोजनागत अनुशासनको पर्खाल भत्काउने उच्च तहको साहस बटुल्न सके आमनेपाली दलित समुदायको भविष्य उज्वल हुने निश्चित छ। यही ऐतिहासिक घटनाले आम नेपाली दलित राजनीतिक संगठन, दलित सभासदहरू, दलित नागरिक समाज, राजनीतिक दलहरूका केन्द्रीय दलित नेताहरू, दलित बुद्धिजीवीहरू र स्वदेश तथा विदेशमा रहेका शुभचिन्तकहरूको मूल्याङ्कन समेत हुनेछ। आन्दोलनको निशाना सरकार, संविधान सभा र सडक नै उपयुक्त हुनेछ।

# मुख्य सरोकार दलित महिलाको अधिकार

**दलित महिलाको सशक्तिकरणका लागि विगत १४ वर्षदेखि क्रियाशील दलित महिला संघले नयाँ संविधानमा दलित महिला र दलितको अधिकार सुनिश्चित गर्न ३१ बुँदे ज्ञापनपत्र सरोकारवालालाई बुझाएको छ ।**



दलित महिला संघ दलित महिलाहरूको हक हित स्थापित गर्न खोलिएको संस्था हो । दलित महिला माथि हुने गरेका उत्पीडनका विरुद्ध आवाज उठाउनु उक्त संस्थाको प्रमुख उद्देश्य हो । त्यसो त यो संस्था समग्र महिलाहरूको मुक्तिका लागि पनि क्रियाशील रहेको छ । नेपालको लोकतान्त्रिक आन्दोलनमा संघले पुऱ्याएको योगदानलाई दलित समुदायले नबिर्सिने निश्चित छ ।

दलित महिला संघ राजनीतिक पार्टीको भातृ संगठन होइन, तथापि लोकतन्त्र स्थापनाका लागि दलित महिलाहरूलाई सडकमा उतार्न यसले महत्वपूर्ण भमिका खेलेको थियो । राजनीतिले मात्रै दलित समुदायको समस्या समाधान गर्न सक्छ भन्ने निस्कर्षमा पुगेपछि संघले दलित महिलाहरूलाई सडकमा उतार्ने निर्णय गरेको थियो । जनआन्दोलनको बेला दलित महिला संघले आफूलाई एउटा गैरससरकारी संस्थाको सीमामा कैद मात्र गरेन, यसले समाज कल्याण परिषद्मा आफ्नो आवद्धता, संस्था दर्ता ऐन २०३४ लाई समेत वास्ता गरेन । दलित महिला संघ संस्था दर्ता ऐन, २०३४ बमोजिम २०५१ साल साउन १२ मा दर्ता भएको हो ।

जन-आन्दोलनको सफलतापछि संविधानसभाको निर्वाचन हुने घोषणा गरिएको थियो । घोषणा भए लगत्तै संघले विभिन्न स्थानमा संविधानसभा बारे जनचेतना अभियान सञ्चालन गरेको थियो । संविधानसभा भनेको के हो ? संविधानसभा किन आवश्यक छ ? मतदानको अधिकार के हो ? आदि विषयमा दलित नागरिकको चेतनास्तर बढाउने अभियान यसले सञ्चालन गरेको थियो । संविधानसभाको निर्वाचनअघि क्रियाशील राजनीतिक दलका घोषणापत्रहरूमा दलित महिलाका सवाल सम्बोधन गराउन पनि दलित महिला संघले अभियान सञ्चालन गरेको थियो । संविधानसभाको निर्वाचनमा अधिकतम् रूपमा दलित र दलित महिलाहरूको उम्मेदवारीका लागि राजनीतिक दललाई दबाब दिएको थियो ।

दलित महिलाको पक्षमा काम गर्ने अग्रणी संस्थाको रूपमा स्थापित गराउनका लागि दलित महिला संघले चेतनामूलक परियोजनाहरू संचालन गरेको छ । इएसपी, आरडी आइएफ/डिएफआइडीको अनुदानमा २०६३ सालदेखि दुईवर्षे परियोजना संचालन गरेको संघले डोटी र ललितपुरमा दलित सशक्तिकरण कार्यक्रम संचालन गरेको थियो । ग्रामीण र शहरी क्षेत्रमा अल्पसंख्यक समुदायको अधिकारको प्राप्तिको लागि समेत काम गर्दै आएको संघले दलित महिलाहरूको सशक्तिकरणमा मद्दत पुऱ्याएको छ ।

संघको हालसम्म ४५ वटा जिल्लामा शाखा रहेका छन् । करिव ३२ हजार सदस्य संख्या रहेको संघले गत वर्ष २ करोड ८९ लाख ३ हजार ३ सय ५६ रुपैयाँ खर्च गरेको थियो । संविधानसभामा प्रतिनिधित्व गरेका ४९ जना दलित सभासद्मध्ये २५ जना महिला छन् । जसमध्ये पनि ५ जना त संघमै आवद्ध रहेको जनाइएको छ । गत वर्ष संघले आफ्ना सदस्यसहित २५ जना दलित महिला सभासद्लाई पोखरामा सम्मान समेत गरेको थियो ।

नेपालका महिलामध्ये झण्डै १० प्रतिशत दलित महिलाको संख्या रहेको बताइन्छ । दलित समुदायभित्र दलित महिलाहरूको अवस्था कहालीलाग्दो छ । राज्यको उच्च तहमा पुग्ने दलित महिलाको संख्या नगण्य छ । त्यसैले पनि दलित महिला संघले दलित महिलाको स्तर बृद्धिका लागि विशेष पहल गरिरहेको छ । अहिले आरक्षणको अभ्यास प्रारम्भ पनि भइसकेको छ । महिला र दलितले पाउने आरक्षणभित्र दलित महिलाका लागि विशेष व्यवस्था गरिनुपर्ने संघकी महासचिव कला स्वर्णकार बताउँछिन् ।

आगामी संविधान दलित महिलाको अधिकार सुनिश्चित गर्न सविधानसभाका १४ वटा समितिमा ज्ञापनपत्र बुझाएको छ । दलित महिला सभासद्, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग, राजनीतिक दलका महिला प्रतिनिधि र महिला अधिकारकर्मीसँग छलफल गरेर तयार पारिएको ३१ बुँदे ज्ञापनपत्र संविधानसभा अध्यक्ष सुभाष नेम्वाङ र प्रधानमन्त्री माधवकुमार नेपाललाई पनि बुझाइएको छ ।

राज्यको हरेक अङ्गमा दलित महिलाको समानुपातिक प्रतिनिधित्व, नीतिनिर्माण र कार्यान्वयनमा दलित महिलाको अर्थपूर्ण सहभागिता, निजी तथा सरकारी संचारमाध्यममा दलित सवालका कार्यक्रम उत्पादन गरी निःशुल्क प्रकाशन-प्रसारण गरिनुपर्ने कुरा ज्ञापनपत्रमा समावेश गरिएको छ ।

त्यस्तै दलित महिलाका लागि प्रत्येक कार्यालयमा रोजगारी दिनु पर्ने न्याय र पीडकलाई तत्काल दण्ड गरिनुपर्ने, सुरक्षा निकायमा दलित महिलाको रोजगारीको सुनिश्चितता गरिनुपर्ने, पाठ्यक्रममा जातीय विभेद हटाएर समानताको सन्देश दिने विषयवस्तु समेट्नुपर्ने, निर्वाचनमा समावेशी र समानुपातिक सहभागिता सुनिश्चित गर्न सीमान्तकृत वर्गलाई आरक्षणको व्यवस्था गरिनु पर्ने माग संघले अघि सारेको छ ।



**विन्दा पाण्डे**
**सभापति, मौलिक अधिकार तथा राज्यको निर्देशक सिद्धान्त समिति**

# छ्वाछूत अब वर्जित हुन्छ

**२०३७ सालदेखि राजनीतिमा प्रवेश गरेकी खानीगाउँ -१, नुवाकोटकी विन्दा पाण्डे नेकपा एमालेको केन्द्रीय सदस्य तथा समानुपातिक सभासद् हुन् । अहिले उनी संविधानसभाको मौलिक अधिकार तथा राज्यको निर्देशक सिद्धान्त समितिकी सभापति छिन् । उक्त समितिले भर्खरै सविधानको मस्यौदा संविधानसभामा पेश गरेको छ । प्रस्तुत छ, पाण्डेसँग *दलित निगरानी*ले गरेको सम्वादको सम्पादित अंश :**

**के हो मौलिक अधिकार भनेको ?**

नागरिकका आधारभूत अधिकारलाई मौलिक अधिकार भनिन्छ। जसलाई राज्य विरुद्धको हक पनि मानिन्छ। नागरिकलाई स्वतन्त्र तथा मर्यादित रूपमा बाँच्न चाहिने अधिकार राज्यले निर्विवाद रूपमा उपलब्ध गराउनुपर्छ। नागरिकका आधारभूत कुराहरू व्यवस्थित गर्नका लागि संविधानमा मौलिक हकको व्यवस्था गरिएको हुन्छ।

**मौलिक हक र सीमान्तकृत समुदायबीच के साइनो छ ?**

नागरिकमा सीमान्तकृत समुदाय पनि पर्ने भएकोले मौलिक अधिकार नागरिकसँग पनि छ।

**त्यसो भए सीमान्तकृत समुदायको हक-अधिकार संविधानमै किटान गर्नुपर्ने कारण के हो ?**

सीमान्तकृत समुदाय चाँहि राष्ट्रका नागरिकहरूको एउटा विशेष समूह हो। नागरिक हक संविधानमा सुनिश्चित गरिँदा सीमान्तकृत समुदायका नागरिकलाई राज्यको मूल धारमा ल्याउनका लागि अलि बढी अधिकार दिइनुपर्छ। नागरिकको दृष्टिबाट हेर्ने हो भने प्रत्येक नागरिकको हक समान हुन्छ।

**तपाईंको समितिले मस्यौदा बुझाइसकेको छ, मस्यौदामा के-कलाई मौलिक हकको रूपमा राख्नु भएको छ ?**

दलित समुदायलाई मूलधारमा ल्याउनका लागि राज्यले विशेष व्यवस्था गर्नुपर्छ भनेर मस्यौदामा दलित समुदायको हक भनेर छुट्टै हकको व्यवस्था गरेका छौं। सार्वजनिक र नीजि क्षेत्रमा दलित समुदायको उपस्थिति न्यून भएकोले राज्यका सबै संरचनामा दलित समुदायको पहुँच पुर्‍याउनका लागि समानुपातिक सहभागिता हुनुपर्छ भनिएको छ। दलितले गर्दै आएका परम्परागत पेशालाई जातीय पेशा भनिनु हुँदैन, त्यसलाई राज्यले सम्बोधन गर्नुपर्छ। हामीले दलितका यावत् समस्या समाधानका उपायसहितको मस्यौदा बुझाएका छौं।

**सबैले समानुपातिक सहभागिताको कुरा गरे पनि यसको सही कार्यान्वयन भएको छैन, अब चाहिँ समानुपातिक व्यवस्था कार्यान्वयन हुन्छ भनेर कसरी विश्वास गर्ने ?**

अघि बढ्ने दरो आधार विश्वास हो। एकले अर्काको विश्वास नै गरिएन भने त के पो हुन्छ र ? जनताको सहभागितामा संविधान निर्माण गरिने भएकोले दृढ विश्वास भयो भने कार्यान्वयनमा समस्या रहँदैन। सविधानमा लेखिएका कुराहरू कार्यान्वयन गर्ने काम राज्यको मात्रै होइन, यसमा नागरिकको पनि दायित्व हुन्छ। राज्यको हरेक तहमा गुणात्मक सहभागिताका लागि दलित समुदाय स्वयं सचेत हुनुपर्छ।

**हाम्रो समितिले पेश गरेको प्रस्ताव पारित भएमा यो मुलुकमा लिङ्ग, वर्ण, र जातका आधारमा कुनै विभेद रहने छैन । २०४७ सालको संविधान र २०६३ सालको अन्तरिम संविधानमा निजी क्षेत्रमा छुवाछूत गर्न पाइने व्यवस्था थियो तर अहिले हामीले निजी स्थलमा पनि विभेद गर्न नपाइने व्यवस्था गरेका छौं ।**

**नयाँ संविधानमा दलितको मौलिक अधिकार कसरी सुनिश्चित हुन्छ ?**

हामीले पेश गरेको प्रस्ताव पारित भएमा यो मुलुकमा लिङ्ग, वर्ण, र जातका आधारमा कुनै विभेद रहने छैन। २०४७ सालको संविधान र २०६३ सालको अन्तरिम संविधानमा निजी क्षेत्रमा छुवाछुत गर्न पाइने व्यवस्था थियो तर अहिले हामी निजी स्थलमा पनि विभेद गर्न नपाइने व्यवस्था गरेका छौं।

**राज्यको निर्देशक सिद्धान्त फितलो भएका कारण पनि मौलिक अधिकार कार्यान्वयन नभएको गुनासो सुनिन्छ, यस्तो गुनासो सत्य हो ?**

विगतमा केही प्रावधानहरू कार्यान्वयन नहुँदा शंका उत्पन्न भएको हुनसक्छ। बारम्बार उत्पन्न हुने शंका निवारण गर्न हामीले पेश गरेको मस्यौदामा भाषाको सुधार पनि गरेका छौं। विगतमा कानुन बमोजिम हुनेछ भनियो तर कानुन बनाइए। तर मौलिक हकमा तोकिए बमोजिम दुई वर्षभित्र कानुन बनाउनु पर्ने प्रावधान राखिएको छ। दुईवर्ष भित्र राज्यले कानुन बनाएन भने राज्य कै विरुद्ध मुद्दा लाग्ने व्यवस्था पनि गरिएकाले अब संविधानमा किटान गरिएका मौलिक अधिकारहरू कार्यान्वयन हुनेमा शंका छैन।

**तपाईंले दलित समस्यालाई कसरी लिनुभएको छ ?**

दलित समस्या सामन्ती समाजले उत्पादन गरेको विशिष्ट समस्या हो। तर हामीले सामन्तवादको जरालाई काटिसकेका छौं। सामन्तवादको जरा काटिसकेको भए पनि तपाई हामीमा भएको सामन्तवादको जरा काट्न बाँकी छ। दलित-दलितबीचमा पनि छुवाछुत कायम छ। त्यसलाई हटाउन जरुरी छ। यो देशका नागरिक हौं भन्ने भावना राखेमा दलितका समस्या अवश्य पनि समाधान हुन्छ।

**तपाई सभासद् हुनुहुन्छ, दलितका समस्या समाधान गर्न के पहल गरिरहनु भएको छ ?**

म सभासद् भएकै कारण तपाई र मबीच वार्ता भइरहेको छ। मैले दलितहरूका कहाली लाग्दा र निन्दनीय समस्या समाधानमा आवाज उठाएको छु। जात, लिङ्ग र वर्णको आधारमा विभेद गरिनु हुँदैन भन्ने मेरो मान्यता हो। कार्यान्वयनका लागि सबैले ध्यान दिनुपर्छ। हामी आफैले बोलेका कुराहरू इमान्दारिताका साथ पूरा गर्नुपर्छ।

**प्रस्तुति : गोपाल बराइली**

# ‘कहिल्यै नबिराउनु’

**विगतमा भन्दा अहिले दलितमाथि हुने जातीय भेदभावको रुप फेरिएको छ । हिजो प्रत्यक्ष रूपमा विभेद गरिन्थ्यो भने आज अप्रत्यक्ष रूपमा पनि दलितमाथि अन्याय र अत्याचार गर्न थालिएको छ । लक्ष्मी परियार यस्तै विभेद हटाउनका लागि नयाँ संविधान निर्माण गर्ने जिम्मेवारीमा पुगेकी छन् । उनको अठोट छ- ‘संविधान बनाएर दलित समुदायलाई जातीय भेदभावको उत्पीडनबाट मुक्त गराउने जिम्मेवारी दलित सभासद्को काँधमा आएको छ, यस्तो बेलामा गल्ती गर्नु हुँदैन ।’**

**संविधान बनाउने समयसीमा छोटिँदै गएको बेला संविधान बन्छ कि बन्दैन भन्ने चिन्ता झन् बढिरहेको छ । सभासद् लक्ष्मी परियार भने निर्धारित समयमा संविधान बन्नेमा ढुक्क छिन् ।**



जीवन संघर्ष हो भन्नेहरू त धेरै भेटिन्छन् तर साँच्चै संघर्षमा लाग्नेहरूको संख्या चाहिँ धेरै भेटाउन कठिन हुन्छ। त्यसैले सबैको जीवन संघर्षको पर्यायवाची बनेको पाइँदैन। समाज परिवर्तनमा लागेकाहरू यसको अपवाद बनेका देखिन्छन्। तिनको जीवन औसत मानिसको भन्दा अलि बढी संघर्षशील हुन्छ। यस्तैमा पर्छिन्– सभासद् लक्ष्मी परियार। उनलाई संघर्षले नै सभासद् बनाएको भन्दा हुन्छ।

सानो छँदा लक्ष्मी परियारलाई तीन घण्टाभन्दा बढी समय लाग्ने उकालो धाएर पढ्नुभन्दा स्कुल नजिकको खोलामा पानी खाँदा कथित उच्चजातिका छात्रछात्राले गर्ने जातीय भेदभाव झेल्न कठिन थियो । तर, विद्रोही स्वभावका कारण उनले आफूलाई कसैले जातीय छुवाछूत गरे त्यसको विरोध गर्थिन्। उनले एउटा घटना स्मरण गरिन् - ‘छुवाछूत गरेका कारण मैले एकपटक गाउँका मुखियालाई कोदालोको बिँडले हाने। त्यो घटनापछि मलाई पञ्चहरूको भेलाले गाउँ निकाला गऱ्यो।’ गाउँ निकाला गरिएपछि लक्ष्मीले उदयपुरको जोगीदहस्थित आफन्तको घरमा बसेर पढाइ अघि बढाइन्।

खोटाङबाट उदयपुर झरेपछि उनले त्यति धेरै छुवाछूत भोग्नु परेन। तैपनि २०४८ सालमा उदयपुरमा भएको नेपाल विद्यार्थी संघको क्षेत्रीय भेलामा भाग लिन आउँदा गिरी थरका कांग्रेस नेताको प्रवृत्ति उनका लागि चुनौती बन्यो। त्यही कारण उनले एक दिनका लागि आफ्नो जात ढाट्नु परेको बताइन्। उक्त घटनापछि चाहिँ उनले जीवनभरि आफ्नो जात नलुकाउने प्रण गरिन्।

२०५३ सालमा विवाह बन्धनमा बाँधिएपछि बुहारीले घर बाहिर निस्कनु हुन्न भन्ने सामाजिक मान्यतालाई तोड्न उनलाई निकै कठिन भयो। विवाहअघिको जोश र जाँगर अनि क्रान्तिकारीपन पारिवारिक कारणले केही समय कमजोर भएको लक्ष्मीको अनुभव छ। २०५५ सालमा छोरो जन्मिएपछि उनका केही वर्ष छोराको हेरचाहमै बिते। त्यसपछि भने उनले सामाजिक मान्यतालाई तोड्ने अठोट गरिन्। ‘समाज परिवर्तनका लागि काम गर्न नदिए वैवाहिक सम्बन्ध तोड्ने चुनौती दिएपछि श्रीमानको साथ पाएँ’, उनले भनिन्।

त्यसपछि १५ सय रुपैयाँ जागिर खाने आशले उदयपुरको संगीनी ऋण तथा बचत सहकारी संस्थामा हात हालिन् तर त्यहाँ पनि जातीयता कै आधारमा जागिर खान पाइनन्। २०५७ सालमा मानवअधिकार तथा शान्ति समाजमा प्रवेश गरेर उनले मानव अधिकारभित्र दलित अधिकारको अवस्थाका बारेमा पनि बहस आरम्भ गर्न थालिन्। २०६० सालमा एक्सनएड नेपालको कार्यकर्ता र दलित नेटवर्क उदयपुरको संयोजक बनेपछि चाहिँ उनको पहिचान परिवर्तन भयो, उनलाई जिल्लामा धेरैले दलित अगुवाको रूपमा चिन्न थाले।

विगतमा भन्दा अहिले दलितमाथि हुने जातीय भेदभावको रूप फेरिएको छ। हिजो प्रत्यक्ष रूपमा विभेद गरिन्थ्यो भने आज अप्रत्यक्ष रूपमा दलितमाथि अन्याय र अत्याचार गर्न थालिएको छ। तर लक्ष्मी परियार यस्तै विभेद हटाउनका लागि नयाँ संविधान निर्माण गर्ने जिम्मेवारीमा पुगेकी छन्। उनको अठोट छ - ‘संविधान बनाएर दलित समुदायलाई जातीय भेदभावको उत्पीडनबाट मुक्त गराउने जिम्मेवारी दलित सभासद्को काँधमा आएको छ, यस्तो बेलामा गल्ती गर्नु हुँदैन।’

माओवादीले नागरिक सर्वोच्चताको माग गरेर व्यवस्थापिका संसद् ठप्प पारेका कारण संसद्बाट तत्काले दलितका लागि कुनै कानुन बन्ने संभावना छैन तर संविधानसभाका ६ वटा विषयगत समितिले पेश गरेको अवधारणामा लक्ष्मीले आफ्नो सुझाव दर्ज गरेकी छन् । ‘विकृतिमूलक संस्कारको अन्त्य गरेर समतामूलक समाज निर्माण गर्न मैले दलितका सवालहरू उठाएकी छुँ’ उनले भनिन्।

जातीय संघीयताको नाराले राजनीतिक संरक्षण समेत पाइरहेको बेला लक्ष्मीले यसको विरोध गरेकी छन्। जातका आधारमा राज्यको पुनर्संरचना हुने हो भने सबैभन्दा नोक्सान दलितलाई हुने उनको कथन छ। उनले भनिन् - ‘जातीय कुरा गरेर मात्रै हुँदैन, समाधानको बाटो पनि खोजिनुपर्छ।’ उनले आफू आबद्ध रहेको नेपाली कांग्रेसलाई पनि दलित समुदायको पक्षमा सचेत हुन आग्रह गर्ने गरेकी छन्। लक्ष्मी भन्छिन् - ‘दलित समुदायको हक हितका लागि आवाज उठाउँदा पार्टीले कारवाही गर्छ भने पनि मलाई डर छैन, २० प्रतिशत दलित समुदायको माया पाएको बेला पार्टीले मेरो स्वतन्त्रतामा हस्तक्षेप गर्न पाउँदैन।’

तथापि सभासद्हरू जति चिन्तित भए पनि राजनीतिक दलहरू अझै संविधान निर्माणमा सचेत भएको देखिदैन। संविधान बनाउने समयसीमा छोटिँदै गएको बेला संविधान बन्छ कि बन्दैन भन्ने चिन्ता झन् बढिरहेको छ। सभासद् परियार भने निधारित समयमा संविधान बन्नेमा ढुक्क छिन्। दलित सभासद्हरू एकजुट हुन नसकिरहेको बेला दलित समुदायका मुद्दाहरूले नयाँ संविधानमा प्राथमिकता नपाउने आशंका पनि बढ्दै गएको छ। तर लक्ष्मी परियार यस्तो आशंकाको खण्डन गर्छिन्। उनको भनाइ छ- ‘नयाँ संविधानमा दलित समुदायको हक अधिकार सुनिश्चित हुन्छ।’

चित्त नबुझेका कुराको तुरुन्तै प्रतिकार गर्ने सभासद् परियार रुचि संगीत र साहित्यप्रति पनि छ। उनले धेरै कविता कोरेकी छन्। उनी जातीय विभेदका विरुद्ध गीतहरू बारम्बार गुनगुनाउने गर्छिन्। त्यसो त उनी राम्रो नर्तक पनि हुन्। दोहोरी गाउनमा पनि उनी खप्पिस छन्। चरित्र र व्यवहार कम्युनिष्टको जस्तो भएकोले धेरैले उनलाई किन कांग्रेसमा लागेकी होला भन्ने प्रश्न समेत गर्ने गरेका छन्।